# अप्रिलियाका १०० राइडर चित्लाङमा

काठमाडौं (अस) । नेपालमा पियाजियोको भेस्पा र अप्रिलिया टु ह्वीलर्सको आधिकारिक विक्रेता दुगड ब्रदर्स एन्ड सन्सले चित्लाङको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शनिवार 'राइड टु चित्लाङ २०१९' सम्पन्न गरेको छ । नक्सालस्थित अप्रिलियाको स्वरूमबाट १०० ओटा अप्रिलिया ब्रान्डका स्कूटरका साथ शुरू भएको उक्त यात्रा चित्लाङको अर्गानिक भिलेज रिसोर्टमा पुगी विभिन्न मनोरञ्जनात्मक खेलसहित सम्पन्न भएको थियो ।



उक्त राइडको उद्घाटन दुगड ब्रदर्श एन्ड सन्सका भाइस प्रेसिडेन्ट विजयकुमार महतोले गरेका थिए । अप्रिलिया स्कूटरका १०० जनाभन्दा बढी क्रेतालाई लगिएको उक्त राइडको नेतृत्व मार्शल सागर थापा र विभव कार्कीले गरेका थिए । राइडरहरूबीच चित्लाङमा विभिन्न खेल खेलाई विजेताहरूलाई पुरस्कार तथा अवार्ड पनि वितरण गरिएको थियो । राइडरहरूबीच च्याप ब्याटल, घैंटो फुटाइ, बेलुन फुटाइ, हेल्मेट पिल्लर लगायत खेल खेलाइएको थियो । त्यस्तै, उत्कृष्ट राइडरहरूलाई अनुशासित राइडर, स्टाइलिस राइडर, मोस्ट ट्यालेन्टेड राइडर लगायत अवार्ड पनि वितरण गरिएको थियो । कार्यक्रमको अन्त्यमा दुगड ब्रदर्श एन्ड सन्सका भाइस प्रेसिडेन्ट महतोले सम्पूर्ण राइडरलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्ता कार्यक्रम जारी राख्ने बताए ।

## मैत्रीकला प्रदर्शनी हुँदै

काठमाडौं (अस) । नेपाल-चीन दौत्य सम्बन्ध ६५ वर्ष पुगेका अवसरमा नेपाल अन्तरराष्ट्रिय प्रदर्शनी संघले 'दुई व्यक्ति मैत्रीकला प्रदर्शनी' आयोजना गर्ने भएको छ । नेपाल कला परिषद् (आर्ट काउन्सिल) बबरमहलमा बिहीवारदेखि ५ दिनसम्म नेपाली कलाकार धर्मराज शाक्य र चीनका कलाकार फ्रेन फ्रोन्गीकाका कलाकारिता प्रदर्शन गर्न लागिएको हो ।

प्रदर्शनीले दुई देशबीच प्राचीनकालदेखि कायम धार्मिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सम्बन्धलाई थप बलियो बनाउन मद्दत पुऱ्याउने प्रदर्शनीका संयोजक एवं नेपाल अन्तरराष्ट्रिय प्रदर्शनी संघका महासचिव शान्तकुमार श्रेष्ठले बताए ।

प्रर्दशनीमा २२ ओटा गणेशका चित्रका साथै १० ओटा नेपाली मूर्ति र कलाकार फ्रेन फ्रोन्गीका ३० ओटा चित्र राखिने संघका अध्यक्ष धर्मराज शाक्यले जानकारी दिए । प्रर्दशनीका सल्लाहकार एवं चीनका पत्रकार सु हाओले दुवै देश पुरानो सभ्यता र संस्कृतिका धनी भएकाले यसको संरक्षणमा दुवै देश लाग्नुपर्ने बताए ।




तस्वीर : आर्थिक अभियान

**नाथम कलेजको सहकार्यमा भएको 'द भ्वाइस अफ सेफ'को पहिलो वार्षिकोत्सवका अवसरमा नेपालका सेफ गोविन्द नरसिंह केसीलाई सेफ पोशाक प्रदान गर्दै पेस्ट्री सेफ परशुराम खड्का । सो अवसरमा २३ जना सेफलाई सम्मान गरिएको थियो ।**

## राष्ट्रिय च्याउ जागरण अभियान आजदेखि

काठमाडौं (अस) । च्याउ उत्पादक किसान संघ, नेपालले बुधवार (आज)देखि 'मेची-महाकाली राष्ट्रिय च्याउ जागरण अभियान २०७६' शुरू गर्ने भएको छ । च्याउको पौष्टिकता तथा यसबाट बन्ने परिकारबारे जानकारी दिने उद्देश्यले अभियान सञ्चालन गर्न लागेको संघले बताएको छ ।

अभियानबाट च्याउ उत्पादनका क्षेत्रमा देखिएका समस्या समाधानका लागि पहल गर्न सम्बद्ध सरकारी निकायहरूलाई दवाब दिन तथा च्याउ किसान, व्यवसायी र सरोकारवाला पक्षहरूको आवाजलाई एकीकृत गर्न पनि मद्दत पुग्ने आयोजकको विश्वास छ । यस्तै अनधिकृत रूपमा भारतलगायत देशबाट आयात हुने कम गुणस्तरका च्याउको आयात बन्द गरी गुणस्तरीय च्याउ उत्पादन र बजारीकरणमा सहजीकरण गर्न अभियान उपयोगी हुने बताइएको छ ।

च्याउ उत्पादक किसानले कच्चा पदार्थ, गुणस्तरीय बिउ, पूँजी, बीमा, श्रमिक, क्वारेन्टाइन, जग्गा, बजार व्यवस्थापन, भण्डारगृहको अभाव लगायतका समस्या भोग्दै आएका छन् । बुधवार झापाको काँकडभित्तामा उद्घाटन तथा अन्तर्क्रिया कार्यक्रम गरी शुरू गरिने अभियान ३ दर्जनभन्दा बढी जिल्लामा विभिन्न कार्यक्रम गर्दै पुस २९ गते ललितपुरको खुमलटारमा आएर समापन गरिनेछ ।

हाल नेपालमा कन्ये, गोब्रे, सिताके, मिल्की र ग्यानोडर्मा प्रजातिका बिउ तथा च्याउ उत्पादन गरिन्छ । यो व्यवसायमा करीब ३५ हजारले रोजगारी पाएको अनुमान गरिएको छ । बिउ उत्पादन र च्याउ खेतीमा निजीक्षेत्रको २ करोड रुपैयाँभन्दा बढी लगानी रहेको संघले जानकारी दिएको छ ।

## पर्यटन प्रवर्द्धनका लागि मामांखे महोत्सव

ताप्लेजुङ (अस) । सांस्कृतिक परम्पराको जगेर्नासहित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले ताप्लेजुङको सिरिजंघा गाउँपालिका-६ मामांखेमा 'मामांखे महोत्सव' हुने भएको छ । कक्फेक्वा तङ्नाम (माघेसंक्रान्ति)को अवसर पारेर पुस २८ गतेदेखि फागुन १ गतेसम्म उक्त महोत्सव गर्न लागिएको हो ।

महोत्सवले कञ्चनजंघा लोकपथको र मामांखेस्थित लिम्बु संग्राहलयको स्तरोन्नतिमा सबै पक्षको ध्यानाकर्षण गराउन र त्यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सहयोग पुग्ने आयोजक समितिका प्रमुख सल्लाहकार चित्र माबोले बताए ।

'१ नम्बर प्रदेशको शान कक्फेक्वा तङ्नाम, पर्यटन प्रर्वद्धन हाम्रो अभियान' मूल नाराका साथ आयोजना गरिने महोत्सवमा वडास्तरीय भलिबल, च्याब्रुङ नाच, गायन र नृत्य लगायत प्रतियोगिता हुने जानकारी दिइएको छ । लिम्बु संस्कृति र संस्कारको विकास तथा उक्त क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित २०५९ सालदेखि महोत्सव आयोजना गरिँदै आएको छ ।

# औद्योगिक व्यापार मेला आजदेखि

**अभियान संवाददाता**

रूपन्देही

बुटवल उद्योग वाणिज्य संघको आयोजनामा बुधवार (आज)देखि औद्योगिक व्यापार मेला शुरू हुँदैछ । 'लगानी लुम्बिनीमा, समृद्धि देशमा' नारासहित २०औं संस्करणको मेला आयोजना गर्न लागेको संघले बताएको छ ।

पुस २३ गतेसम्म सञ्चालन हुने मेलामा कृषि, गार्मेन्ट, होटल, इलेक्ट्रोनिक्स, प्रविधि तथा परामर्श, हस्तकला, अटो, महिला उद्यमी, पर्यटन लगायतका ५०० स्टल सहभागी हुने संयोजक खिमबहादुर हमालले जानकारी दिए । मेलाको ५ लाख दर्शकले प्रत्यक्ष अवलोकन गर्ने तथा मेलामा करीब रू. १५ करोडको कारोबार हुने अपेक्षा गरिएको संयोजक हमालले बताए ।

मेलामा आकर्षण थप्न पर्यटकीय स्थलहरू समेटिएको सेल्फी जोन निर्माण गरिएको छ । त्यस्तै, पानीबाट चल्ने गाडी र हुन्डाई गाडीको सिमुलेशनसहितको प्रविधि पनि मेलामा राखिनेछ । मेलामा आकर्षण थप्न यस क्षेत्रको ऐतिहासिक किल्ला जीतजढीको स्वरूपमा मेलाको प्रवेशद्वार, संघ सचिवालयको स्वरूपमा मेला सचिवालय निर्माण गरिएको छ । त्यसैगरी नेपाली कला, संस्कृति र भेषभूषा संरक्षणका लागि विभिन्न सांस्कृतिक प्रतियोगिता एवं झाँकी प्रदर्शन पनि मेलामा गरिनेछ ।

मेलाको प्रत्येक टिकटबाट शिक्षा, स्वास्थ्य, पर्यटन र खेलकुदका लागि ३ रुपैयाँ छुट्याइने बताइएको छ । मेलामा प्रवेशका लागि ६० रुपैयाँ शुल्क निर्धारण गरिएको छ भने विद्यार्थीलाई ५० प्रतिशत छूट तथा ज्येष्ठ नागरिकलाई परिचयपत्रका आधारमा निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ ।

## नियोको वार्षिक डीलर सम्मेलन सम्पन्न



काठमाडौं (अस) । नियो ब्रान्डका उपकरण वाटर प्युरिफायर, किचन चिम्नी, सोलार वाटर हीटर र अन्य घरेलु उत्पादनको आयातकर्ता नियो इन्टरनेशनलले 'वार्षिक डीलर सम्मेलन २०७६' सम्पन्न गरेको छ । काठमाडौंमा सम्पन्न सम्मेलनमा देशभरका १०० भन्दा बढी डिलरहरूको उपस्थिति थियो ।

कार्यक्रममा उत्कृष्ट व्यापार गर्ने डिलरहरूलाई सम्मान गरिनुका साथै कम्पनीका उत्कृष्ट कर्मचारीलाई पनि सम्मानस्वरूप प्रशंसापत्र प्रदान गरिएको थियो । सम्मेलनमार्फत कम्पनीले चालू आर्थिक वर्षका लागि डिलर प्रोत्साहन योजना पनि शुरू गरेको छ ।

## जस्मिन पेन्ट्स २६औं वर्षमा

काठमाडौं (अस) । चितवनस्थित मनकामना ग्रूपअन्तर्गतको जस्मिन पेन्ट्स प्रालि पुस ६ गतेदेखि २६औं वर्षमा प्रवेश गरेको छ । २५ वर्षे व्यावसायिक यात्रा पूरा गरेको जस्मिनले आइतवार काठमाडौंमा एक कार्यक्रम गरी रजत उत्सव मनाएको छ ।

पूर्ण स्वदेशी लगानीमा सञ्चालित जस्मिन पेन्ट्स स्वदेशी पेन्ट्समध्ये उत्कृष्ट रहेको कम्पनीको दाबी छ । 'नेपाली मनको नेपाली रंग' नारा लिएको कम्पनीले उच्चप्रविधिको प्रयोग गरी अन्तरराष्ट्रिय स्तरका उत्पादन बजारमा ल्याई आफ्नो उपस्थिति बलियो बनाउँदै लगेको बताइएको छ । २०५१ देखि सञ्चालनमा आएको कम्पनीमा हाल ४०० भन्दा बढी कर्मचारी कार्यरत छन् ।

## सिटी सेन्टरद्वारा 'फेस्ट विथ म्यासिभ सेल' घोषणा

काठमाडौं (अस) । काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरले नयाँ वर्ष सन् २०२० तथा 'नेपाल भ्रमण वर्ष २०२० 'लाई लक्षित गरी 'सिटी सेन्टर विन्टर फेस्ट विथ म्यासिभ सेल' घोषणा गरेको छ ।

विन्टर फेस्टको अवसरमा ग्राहकलाई ८० प्रतिशतसम्मको छूट उपलब्ध गराउने सिटी सेन्टरले बताएको छ । साथै सेन्टरले राखेका पप अप स्टोरबाट ग्राहकले विशेष छूट प्राप्त गर्नसक्ने पनि जानकारी दिइएको छ । फेस्ट अवधिभर मनोरञ्जनात्मक गेम सञ्चालन गरी आकर्षक उपहार प्रदान गर्ने पनि सेन्टरले बताएको छ । अनुप्रस्थ,




फ्युजन मन्त्र, मेलोडिक किज, रागमानी तथा जिंगल बेल्स लगायत ब्यान्डको लाइभ प्रस्तुति पनि विन्टर फेस्टभर जारी रहने सिटी सेन्टरले जानकारी िदिएको छ ।

## बैंकिङ गतिविधि

### हिमालयन बैंकको शाखा लहानमा




काठमाडौं (अस) । हिमालयन बैंकले लहान नगरपालिका–१, लहानमा मंगलवारदेखि शाखा सञ्चालनमा ल्याएको छ । शाखाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष मनोजबहादुर श्रेष्ठले एक समारोहबीच गरेका थिए । उनले उक्त शाखा कार्यालयमार्फत बैंकले अत्याधुनिक बैंकिङ सेवाका अतिरिक्त स्थानीय शीप र स्रोतको परिचालनमा स्थानीयलाई सहयोग पुऱ्याउने उल्लेख गरे ।

यससँगै बैंकका देशभर ६४ ओटा शाखा पुगेका छन् र बैंकले चालू आवको अन्त्यसम्म थप १२ ओटा शाखा सञ्चालनमा ल्याउने लक्ष्य लिएको छ ।

### वार्षिकोत्सवमा सिद्धार्थको छूट योजना

काठमाडौं (अस) । सिद्धार्थ बैंकले आफ्नो १७औं वार्षिकोत्सवका अवसरमा विशेष छूट योजना ल्याएको छ । योजनाअनुसार अनलाइन शपिङ प्लेटफर्म दराजमा बैंकको कार्डमार्फत सामान खरीद गर्दा १५ प्रतिशत वा अधिकतम ५०० रुपैयाँसम्म छूट, पहिलो दुईपटक रू. ५०० वा सोभन्दा बढी रकमको अनलाइन कारोबार गर्दा रू. ५०० क्यासब्याक, पहिलो दुईपटक रू. ५०० वा सोभन्दा बढी रकमको पीओएस मेशिनमार्फत कारोबार गर्दा रू. ३८२ क्यासब्याक पाइने बैंकले बताएको छ ।

यस्तै एक महीनाभित्र कम्तिमा तीनपटक गरी कुल १५ हजार रुपैयाँको पीओएस मेशिनमार्फत कारोबार गर्दा रू. १ हजार रुपैयाँ क्यास पाइनेछ । योजना माघ १० गतेसम्म लागू हुने बैंकले जानकारी दिएको छ ।

### एनआईसी एशियाको शाखा सानेपामा




काठमाडौं (अस) । एनआईसी एशिया बैंकले ललितपुर महानगरपालिका-२ सानेपामा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जनले मंगलवार उद्घाटन गरे । शाखा सञ्चालनमा आएसँगै सो क्षेत्रका स्थानीयलाई बैंकिङ सेवा प्राप्त गर्न सहज हुने विश्वास बैंकले लिएको छ । बैंकका देशभर ३१३ शाखा कार्यालय, ४०५ एटीएम, ९६ ओटा एक्स्टेन्शन काउन्टर एवं ४४ ओटा शाखारहित सेवा सञ्चालनमा छन् ।

